# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०६) पोखरा, पौष ५ गते, २०८० साल (अतिरिक्ताङ्क १८

## भाग ३

## गण्डकी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण (पहिलो संशोधन) कार्यविधि, २०८०**

गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

प्रदेश प्रशासकीय कार्यविधि नियमिति गर्ने ऐन, २०७५ को दफा २ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ को दफा ४ को उपदफा (१) मा संशोधनः** गण्डकी प्रदेश लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०७९ (यसपछि मूल कार्यविधि भनिएको) को दफा ४ को उपदफा (१) मा रहेका शब्दहरुको पछाडि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर आवश्यक संख्यामा संचार माध्यम सूचीकृत नभएमा सात दिनको समय दिई पुनःसूचना प्रकाशन गर्न सकिनेछ ।"

३. **मूल कार्यविधिको दफा ७ मा संशोधनः** (१) मूल कार्यविधिको दफा ७ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

"(२) सूचीकृत संचार माध्यमलाई लोककल्याणकारी विज्ञापनको लागि देहाय बमोजिम नबढ्ने गरी रकम उपलव्ध गराइनेछः-

(क) एफ एम रेडियो तर्फः

(१) १०० वाटसम्मः तेइस हजार रुपैया,

(२) ५०० वाटसम्मः छब्विस हजार रुपैया,

(३) सो भन्दा माथि तीस हजार रुपैया,

(ख) टेलिभिजन तर्फः तीस हजार रुपैया,

(ग) पत्रपत्रिका तर्फः

(१) साप्ताहिक प्रकाशनः तेइस हजार रुपैया,

(२) दैनिक प्रकाशनः छब्विस हजार रुपैया,

(घ) अनलाइन संचार माध्यमतर्फः पन्ध्र हजार रुपैया,"

(२) मूल कार्यविधिको दफा ७ को उपदफा (३) मा रहेका "चालीस हजार" भन्ने शब्दहरुको सट्टा "साठी हजार" भन्ने शब्दहरु राखिएका छन् ।

आज्ञाले,
शम्भुराज रेग्मी
प्रदेश सरकारको सचिव

मुद्रक : गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय । मूल्य रु.१०।-